**बैइजिङ्ग+२५  समीक्षाका लागि राष्ट्रिय सञ्जालको आयोजनामा आयोजित कार्यक्रममा राष्ट्रिय मानव अधिकार आयोगका माननीय अध्यक्ष श्री अनूप राज शर्माज्यूले दिनुभएको मन्तव्य**

**यस कार्यक्रमका अध्यक्ष महोदय,  डायसमा हुनुहुने बन्दना राणाज्यू, नेपाल सरकारका सचिवज्यू,**

**राष्ट्रिय महिला आयोगका सचिवज्यू, चाँदनी जोशीज्यू, मीरा ढुंगानाज्यू, नागरिक समाजका प्रतिनिधिहरू,**

**अधिकारकर्मीहरू, सञ्चार जगतका प्रतिनिधिहरू,आमन्त्रित विशिष्ट अतिथिज्यूहरू,**

कुनै पनि कार्यक्रममा जाँदा महिलाको उपस्थिति गन्नुपर्छ तर आज पुरुषको उपस्थिति गन्नुपर्छ । यति धेरै महिला सहभागीताले मलाई गौरवान्वित हुने मौका दिएको छ । महिलाहरु पुरुषको पछाडि मात्र हिंड्ने होइन, पुरुषलाई पछाडि लगाउने, सकिदैन सँग सँगै त हिड्नुपर्छ ।

वेइजिङ्ग+२५समीक्षा माथि नागरिक समाजको प्रतिवेदनमा राष्ट्रिय परामर्श कार्यक्रमको समापन समारोहमा प्रमुख अतिथिको रुपमा मलाई आमन्त्रण गरी मेरा केही भनाईहरु राख्न दिनुभएकोमा आयोजक संस्थालाई धन्यवाद दिन चाहन्छु । साथै काठमाडौ घोषण पत्र सार्वजनिक गर्नुभएकोमा बधाई छ । यसमा  घोषित बुँदाहरु धरै सान्दर्भिक रहेका छन् ।

यस वेइजिङ्ग+२५समीक्षाका लागि राष्ट्रिय सञ्जालले वेइजिङ्ग घोषणापत्र तथा कार्ययोजना सम्बन्धमा नेपालमा सोको कार्यान्वयन अवस्थाको विषयमा विभिन्न गतिविधिहरू, परामर्श, छलफल कार्यक्रमहरू गरी समीक्षा प्रतिवेदनहरू नियमित रुपमा पेश गर्दै आइरहेको विषय सह्रानीय रहेको छ । वेइजिङ्ग घोषणापत्र तथा कार्ययोजनाले पहिचान गरेका विषयहरूमा नेपालले कतिपय विषयमा दक्षिण एशियामै राम्रो स्थान प्राप्त गर्न सफल भएको छ भने कतिपय विषयहरूमा कार्यान्वयनतर्फ उन्मुख रहिरहेको छ  ।

नेपालको संविधानको प्रस्तावनाले लैङ्गिक विभेदको अन्त्यका लागि समानुपातिक समावेशी र सहभागितामुलक सिद्धान्तको आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरेको छ । सामाजिक र साँस्कृतिक दृष्टिले पिछिडिएका महिलाहरूलाई प्राथमिकता दिएको छ । सशक्तिकरण वा सकारात्मक विभेदको लागि कानून बमोजिम विशेष व्यवस्था गर्न रोक लगाएको छैन । संविधानको धारा २४ मा छुवाछुत भेदभाव विरुद्धको हक, धारा ३८ मा महिलाको हक व्यवस्थामा लैङ्गिक भेदभाव विना समान वंशीय हक, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हकको व्यवस्था र महिला विरुद्ध हुने हिंसाजन्य कार्यलाई दण्डनीय गरेको छ ।  राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक, शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक, सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतिको समान हकको व्यवस्था गरेको छ । त्यस्तै गरी धारा ३९ मा बालबालिकाको हकको व्यवस्था गरेको छ । यो संविधानले मौलिक अधिकार तथा राजनितिक तथा आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारका विषयहरू, महिला अधिकारका विषयहरूमा महिलालाई समानताको हकमा व्यापकता प्रदान गरेको छ

नेतृत्वको रुपमा नेपालमा महिला राष्ट्रपति हुनुभएको छ । महिला सभामुख, उपसभामुख र प्रधानन्यायायधीश समेत भएका छन् । संसदमा ३३ प्रतिशत महिलाको सहभागिता र स्थानीय तहमा ४० प्रतिशत सहभागिता रहेको छ । प्रतिनिधित्व रुपमा सहभागीताको संख्या बृद्धि भएपनि नीति निर्माण तहमा, मन्त्रीपरिषद्, राजनीतिक दलका प्रमुख सचेतक देखि सरकारका जिम्मेवार निकाय, संगठित संघ संस्थामा निर्णयकर्ताको रुपमा महिलाहरुको सहभागीता संख्या न्यून नै रहेको तथ्यांङ्कले देखाउँछ ।  जिम्मेवार पदमा रहेका महिलाहरूमा पनि विषय दक्षता र विज्ञताको अभाव देखिन्छ । त्यसैले सशक्तिकरणको कार्यलाई हामीले निरन्तरता दिइरहनुपर्दछ ।

नेपाल १० बर्षे सशस्त्र द्वन्द्वबाट शान्ति तर्फ उन्मुखको लागि पाइला चालिरहेको अवस्था भएपनि द्वन्द्व प्रभावित महिला तथा बालबालिकाहरूले अझै न्याय पाएको अवस्था छैन । अझै पनि दिनानुदिन महिला हिंसाका घटनाहरूको बृद्धि निकै देखिन्छ तर न्यायमा महिलाको पहुँच सरल, सहज र सुरक्षित रुपमा हुन नसकिरहेको अवस्था छ । सबै किसिमको सकारात्मक प्रावधान र प्रयास रहँदा रहँदै पनि महिलाको आर्थिक, सामाजिक अवस्था लक्षित रुपमा माथि उठ्न सकेको छैन । हामीमा भएका सकारात्मक कानूनहरूको प्रभावकारी कार्यान्वयन हुन सकिरहेको छैन । अन्तर्राष्ट्रिय प्रतिवद्धता बमोजिमका राष्ट्रिय संरचनागत तथा कानुनगत व्यवस्थाहरु हुन नसक्नु, हाम्रो सोच तथा मूल्य मान्यतामा परिवर्तन हुन नसक्नु, नागरिक सचेतनाको अभाव रहनु, हाम्रा शैक्षिक पाठ्यक्रमहरू अझै पनि मानव अधिकारमैत्री हुन नसक्नु, धार्मिक तथा सामाजिक परम्परागत, हानिकारक मूल्य मान्यता तथा अन्धविश्वासको अन्त्य नहुनु, महिलाको परम्परागत भूमिकामा परिवर्तन हुन नसक्नु, गरिवीको अन्त्य हुन नसक्नु, नेतृत्वदायी र निर्णय तहमा महिलाको संख्या अझै पर्याप्त नहुनु, संविधान अनुकुल समावेशी र सहभागीतामुलक सिद्धान्तले अंगीकार गरेका विषयहरुमा अझै पनि सशक्तिकरण हुन नसक्नु, कार्यस्थल महिला मैत्री हुन नसक्नु, पितृसतात्मक सोच र पुरातनबादी कार्य शैली कायमै रहनु, दण्डहीनताको संस्कृति रहि रहनु, सर्वोच्च अदालतका फैसला र राष्ट्रिय मानव अधिकार आयोगका निर्णयहरूको प्रभावकारी कार्यान्वयन हुन नसक्नु, कार्यस्थलहरू महिला मैत्री हुन नसक्नु, नागरिकता ऐनमा संविधान वमोजिम सुधार हुन अझै रोक लागि रहनु लगायतका कारणहरु हाम्रा सामु समस्या तथा चुनौतीका रुपमा रहेका छन् । महिलाहरूको मानवोचित हक अधिकारको लडाईमा राष्ट्रिय मानव अधिकार आयोगको सदा सर्वदा साथ रहनेछ ।

॥ धन्यवाद ॥

२०७६ साल कार्तिक १ गते